श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

न्यायिक समिति (तेस्रो संशोधन) नियमावली, २०४०

न्यायिक समिति नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायका नियमहरू बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "न्यायिक समिति (तेस्रो संशोधन) नियमावली, २०४०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. न्यायिक समिति नियमावली, २०२८ को नियम ६ मा संशोधनः न्यायिक समिति नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः–

"(१क) सदस्यको पदावधि समाप्त भएमा वा राजीनामा स्वीकृत भएमा वा मृत्यु भएमा निजलाई एक महीनाको पारिश्रमिक थप सुविधाको रूपमा दिइनेछ ।"

३. मूल नियमावलीको नियम ६ पछि थपः मूल नियमावलीको नियम ६ पछि देहायको नियम ६क, ६ख, ६ग, ६घ, ६ङ, ६च, ६छ, ६ज, ६झ र ६ञ थपिएका छन्ः–

"६क. निवृत्तभरण र उपदानः (१) सदस्यले अवकाश प्राप्त गरेपछि निजले अघि गरेको सेवाअवधिमा समितिमा गरेको सेवाअवधि जोडी अघि गरेको सेवासंग सम्बन्धित प्रचलित कानून बमोजिम निवृत्तभरण पाउनेछ ।

(२) कुनै सदस्यले कुनै पनि प्रकारको निवृत्तभरण नपाउने रहेछ भने निजले समितिमा गरेको जम्मा सेवाअवधिलाई निजले पाई आएको डेढ महीनाको पारिश्रमिकको अङ्कले गुणन गर्दा हुन आउने अङ्क बराबरको एकमुष्ट रकम उपदान पाउनेछ ।

६ख. आवास सुविधाः (१) सदस्यलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोवस्त हुनेछ। त्यस्तो बन्दोवस्त नभएकोमा काठमाडौं उपत्यकामा आफ्नो उपयुक्त घर नहुने सदस्यलाई घरभाडा बापत प्रतिमास निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ ।

(२) सदस्यलाई घर कम्पाउण्डको मरमत र सरसफाइ खर्च बापत प्रत्येक वर्ष निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ । यो सुविधा भाडाको घरमा बसेपनि दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८३

(३) यस नियम बमोजिमको सुविधा सदस्यलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।

६ ग. टेलिफोन सुविधाः सदस्यलाई श्री ५ को सरकारको स्वामित्वमा रहने गरी टेलिफोन एक जडान गरी मासिक न्यूनतम अनिवार्य शुल्कको सुविधा दिइनेछ ।

६ घ. सवारी तथा इन्धन सुविधा : (१) सवारीको निमित्त दुईजना सदस्यलाई ड्राइभर सहितको मोटर एक, त्रैमासिक पाँच लिटर मोबिल र प्रत्येक सदस्यलाई मासिक एक सय लिटर पेट्रोल उपलब्ध गराइनेछ ।

(२) मोटरको मरमत र मोटरलाई चाहिने चीजको बन्दोबस्त केन्द्रीय सेवा विभागबाट हुनेछ ।

६ ङ. दैनिक तथा भ्रमण भत्ताः (१) सदस्यलाई आफ्नो ओहदा सम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः—

(क) दैनिक भत्ताः आफ्नो एक दिनको पारिश्रमिक बराबरको रकम ।

(ख) भ्रमण भत्ताः

(१) पैदल भ्रमण गर्दा प्रतिकोस दश रूपैयाँ । यो दर प्रत्येक आर्थिक वर्षमा दश प्रतिशतका दरले वृद्धि हुनेछ ।

(२) बसबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

(३) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(४) हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च ।

(५) अन्य सवारी साधनबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

(२) सदस्यलाई आफ्नो ओहदा सम्बन्धी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः—

(क) दैनिक भत्ताः आफ्नो मासिक पारिश्रमिकको पचास प्रतिशत रकम बराबरको विदेशी मुद्रा ।

तर त्यसरी पाउने दैनिक भत्ता एक सय अमेरिकी डलर भन्दा घटी हुने भएमा एक सय अमेरिकी डलर दैनिक भत्ता पाउनेछ ।

(ख) भ्रमण भत्ताः

(१) मोटरबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बिल बमोजिमको मोटरभाडा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(३) हवाईजहाजबाट भ्रमण गर्दा नियमित सेवामा एकजनालाई लाग्ने इकोनोमी दर्जाको टिकट खर्च ।

(४) जलमार्गबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बिल बमोजिमको खर्च ।

(३) सदस्यले नेपाल अधिराज्यबाहिर औपचारिक रूपमा विदेशी राष्ट्रको अतिथिको रूपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहुन्जेलसम्म उपनियम (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाका दरले मात्र दैनिक भत्ता पाउनेछ ।

६च. बीमा खर्चः सदस्यले हवाईजहाजबाट भ्रमण गर्दा दुई लाख रूपैयाँको बीमा खर्च पाउनेछ ।

६छ. विदेशी मुद्रा सटही र भन्सार सुविधाः (१) सदस्यलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको एक-तिहाई रकम बराबरको विदेशी मुद्रा सटही सुविधा दिइनेछ ।

(२) सदस्यलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको पच्चीस प्रतिशत बराबर मूल्यको सामानमा भन्सार छुट दिइनेछ ।

(३) यस नियम बमोजिमको सुविधा सदस्यलाई विदेश भ्रमण गरेमा मात्र दिइनेछ ।

६ज. लुगा भत्ताः (१) सदस्यले आफ्नो ओहदा सम्बन्धी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर जाँदा तीन वर्षमा एक पटक आफ्नो एक महीनाको पारिश्रमिक बराबरको रकम लुगा भत्ता बापत पाउनेछ ।

(२) उपनियम (१) बमोजिम नेपाल अधिराज्यबाहिर जाँदा सदस्यले आफ्नो एक श्रीमतीसमेत साथमा लैजाने स्वीकृति पाएमा श्रीमतीको लागि आफ्नो एक महीनाको पारिश्रमिकको आधा रकम तीन वर्षमा एक पटक लुगा भत्ता बापत पाउनेछ ।

६झ. नेता भत्ताः सदस्यले नेताको रूपमा विदेशमा जाँदा आफूले पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत थप नेता भत्ता बापत पाउनेछ ।

तर श्री ५ को सरकारले तोकेको अवस्थामा बाहेक एक सदस्यीय प्रतिनिधिमण्डल जाँदा नेता भत्ता दिइनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६ञ. भैपरी आउने खर्चः सदस्यले अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन जाँदा श्री ५ को सरकारले निर्णय गरे बमोजिमको रकम भैपरी आउने खर्च बापत पाउनेछ ।

तर त्यस्तो खर्चको बिल भरपाई बुझाउनु पर्नेछ ।"

४. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को, –

(१) उपनियम (३) मा रहेको "भैपरी आउने बिदा" भन्ने शब्दहरूपछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपनियम (४) मा रहेको "घर बिदा" भन्ने शब्दहरूपछि "बाट बढीमा एक सय बीस दिनसम्मको" भन्ने शब्दहरू थपिएका छन् ।

५. मूल नियमावलीको नियम ७ क. मा संशोधनः मूल नियमावलीको नियम ७ क. को,–

(१) उपनियम (१) को,–

(क) दोस्रो हरफमा रहेको "खर्चको नब्बे प्रतिशत" भन्ने शब्दहरूको सट्टा "खर्च" भन्ने शब्द राखिएको छ ।

(ख) खण्ड (क) मा देहायको प्रतिबन्धात्मक वाक्याँश थपिएको छः–

"तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ ।"

(ग) खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्याँश थपिएको छः–

"तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ ।"

(२) उपनियम (२) मा रहेको "नौ महीनाको" भन्ने शब्दहरूको सट्टा "बाह्र महीनाको" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपनियम (४) मा रहेको "औषधि उपचार गराए बापत" भन्ने शब्दहरू झिकिएका छन् ।

(४) उपनियम (६) मा रहेको "सदस्य पदमा दुई वर्षको सेवाअवधि पूरा गरिसकेको" भन्ने वाक्याँश झिकिएको छ र "बिल बमोजिम भएको उपचार खर्चको" भन्ने शब्दहरूपछि "नब्बे प्रतिशत" भन्ने शब्दहरू थपिएका छन् ।

(५) उपनियम (६) पछि देहायको उपनियम (६क) र (६ख) थपिएका छन्:–

"(६क) सदस्यको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोराछोरी बिरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पताल भर्ना भई सल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम लागेको औषधि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८९.

उपचारको खर्चको नब्बे प्रतिशत रकम उपनियम (२) बमोजिम सदस्यले पाउने रकममध्येबाट पाउनेछ ।

(६ख) उपनियम (६) र (६क) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यको सगोलको पति वा पत्नी, आमा, वा बाबु कुनै संवैधानिक पदमा वा सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थानको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउनेछैन ।"

(६) उपनियम (७) मा रहेको "रकमको २।३ (दुई-तिहाई) को हिसाबले हुने" भन्ने शब्दहरू झिकिएका छन् ।

(७) उपनियम (७) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "तर अघि" भन्ने शब्दहरूपछि "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(८) उपनियम (७) पछि देहायका उपनियम (८)र(९) थपिएका छन्:–

"(८) यस नियम बमोजिम उपचार खर्च माग गर्ने सदस्यले समितिमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ ।

(९) यस नियम बमोजिम सदस्यले पाएको उपचार खर्चको विवरण सदस्यको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ ।"

६. बचाउ: यो नियमावली प्रारम्भ हुनुभन्दा अघि सदस्यले यस नियमावली बमोजिमको सुविधा पाएको रहेछ भने त्यस्तो सुविधाहरू निजले यसै नियमावली बमोजिम पाएको मानिनेछ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्रै लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।